मातृ तथा पेरिनाटल मृत्यु निगरानीतथा प्रतिकार्यतालिम निर्देशिका २०७२

महिला स्वास्थ्य स्वयंसेविकाकोलागि

मोडुल १: १२देखि ४९वर्षसम्मकामहिलाकोमृत्युसूचना

नेपालसरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्यसेवाविभाग

परिवार स्वास्थ्य महाशखा

टेकु, काठमाडौं

Table of Contents

प्रशिक्षक निर्देशिकाको संक्षिप्त जानकारी 3

१. परिचय 4

१.१पृष्ठभूमी 4

१.२मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य (MPDSR) 5

१.३ लक्ष्य तथा उद्देश्यहरू 6

विषय शत्र 8

शत्र१.१ 9

१.१.१ स्वागत तथा परिचय 9

१.१.२ अपेक्षा 9

१.१.३ कार्यशालाको संक्षिप्त विवरण 10

१.१.४कार्यशालाको नियम 10

१.१.५कार्यशालाको पुर्वअवोलोकन 11

शत्र१. २ 12

मातृ मृत्यु निगरानी तथा प्रतिकार्यको अवलोकन 12

१.२.१ लक्ष्य 12

१.२.२ उदेश्य 12

१.२.३ मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्यको परिचय तथा औचित्य 13

१.२.४ मुख्य सिधान्त 14

१.२.५ मातृतथा पेरिनाटल मृत्यु निगरानी तथा प्रतिकार्यको खाका 17

१.२.६ मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य (MPDSR) को चरण 19

शत्र१.३ 22

Mrs X किन मरिन ? 22

शत्र१.४ 23

मुख्य शब्दावली 23

शत्र१.५ 24

DRAFT

मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्यमा महिला स्वास्थ्य स्वयम सेविकाको भूमिका 24

१.३.१. महिला स्वास्थ्य स्वयम सेविकाको महत्वपूर्ण भूमिका 24

१.३.२. फारम भर्ने तरिका 27

अभ्यास 30

DRAFT

प्रशिक्षक निर्देशिकाको संक्षिप्त जानकारी

यो निर्देशिका विश्व स्वास्थ्य संगठनको मार्गदर्शनका आधारमा मातृ तथा पेरिनेटल मृत्यु समीक्षा र निगरानी तथा प्रतिकार्य का साथै समकालिन विषयहरू समेतलाई समावेश गरी नेपालको सन्दर्भ अनुकुल परिमार्जन गरिएको छ । तसर्थ, सबै स्वास्थ्य पेशाकर्मीहरू, स्वास्थ्य सेवा योजनाकारहरू, व्यवस्थापकहरू र नीति निर्माताहरूका लागि यो एउटा उपयुक्त निर्देशिका हो ।

मातृ तथा पेरिनाटल मृत्यु निगरानीतथा प्रतिकार्यतालिममामहिला स्वास्थ्य स्वयं सेविकाकोलागि तयार गरिएको यस तालिमलाई एकरुपता दिन र प्रभावकारीढंगबाट सन्चालन गर्न सकियोस भन्ने अभिप्रायले यो प्रशिक्षक निर्देशिका तयार गरिएको छ। तसर्थ तालिम सुरु गर्नुभन्दा पहिला प्रशिक्षकले यो निर्देशिका बिस्तृत रुपमा अध्ययन गरी यसतालिम प्रभावकारी ढंगबाट सन्चालन गर्नु पर्दछ।

शत्र१

यस शत्रमा सहभागीहरुलाई स्वागत र परिचय गराउदै कार्यक्रमको उदेश्य, यस कार्यशालाको नियमतथा संक्षिप्त विवरण स्पष्ट गरिएको छ ।

शत्र२

यस शत्रमा मातृ तथा पेरिनाटल मृत्यु निगरानीतथा प्रतिकार्यको परिचय तथा औचित्य, यसका लक्ष्य तथा उदेश्यरमुख्य सिद्घानतहरुकोबारेमा वरण गरिएको छ ।

शत्र३

यस शत्रमाMrs X नामको एक महिलाको बारेमा आधारित एउटा सानो फिल्म देखाइन्छ जसमा एक जना दुर्भाग्य महिलाको गर्भवती देखी सुत्केरी अवस्थासम्मको जीवन यात्राको बारेमा देखाईएको छ। यस फिल्मले बिशेषगरी बिकाशोन्मुख देशहरुका गर्भवती तथा सुत्केरी महिलाहरुले भोगिरहेका खतराका लक्षणहरु र समस्याहरुको बारेमा चित्रण गरेको छ र हरेक तहबाट यस अवस्थामा उत्पन्न हुन सक्ने जटिलतालाई न्युनिकरण गरी मातृ स्वास्थ्यको प्रबर्धन गर्नु अहिलेको ठुलो आवश्यकता रहेको छ भन्ने गहकिलो सन्देश दिएको छ।

शत्र४

यस शत्रमा मातृ तथा पेरिनाटल मृत्यु निगरानीतथा प्रतिकार्यमा प्रयोग गरिएको मुख्य शब्दावली बारेमा वरण गरिएको छ ।

शत्र५

मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्यमामहिला स्वास्थ्य स्वयम सेविकाको भूमिकार यसमा प्रयोग हुने १२ देखी ५५ वर्ष सम्मका महिलामृत्युको सुचना फारम र त्यस्को अभ्यास बारेमा वरण गरिएको छ ।

१. परिचय

१.१पृष्ठभूमी

समग्रमा कुनै पनि समाज एवं राष्ट्रको सामाजिक-आर्थिक अवस्था त्यहाँका महिला तथा बालबालिकाहरूको स्वास्थ्य अवस्थाले प्रतिबिम्बित गरेको हुन्छ । परिवारको खुशी र समृध्दि महिलाको स्वास्थ्यबाट उत्पत्ती भई बालबालिकाको मुस्कानबाट झल्किन्छ । तर प्राकृतिक प्रजनन् प्रक्रियाले पनि कहिलेकाँही अनायासै अत्यन्त असहज र वियोगान्त अवस्था सृजना गरिदिन्छ ।

एउटा आमाको मृत्युले उनको बच्चाको स्वास्थ्य तथा बृद्धि विकासमा प्रतिकुल असर गरीसमग्र परिवारकै स्वास्थ्यमा असर पारेको हुन्छ । कमजोर मातृस्वास्थ्य, गर्भावस्थामा उपयुक्त हेरचाहको कमी, गर्भावस्था तथा प्रसव अवस्थाका जटिलताहरूको अनुपयुक्त व्यवस्थापन, प्रसव अवस्था तथा सुत्केरी भएको पहिलो एक घण्टा भित्रको सरसफाइमा कमी तथा भर्खर जन्मेको शिशुको स्याहार सुसारमा भएको कमीका कारणले नवशिशुको मृत्यु वा मृत जन्म हुने अवस्था आउँछ । कतिपय अवस्था, सांस्कृतिक मान्यता तथा हानीकारक व्यवहारहरूका कारणले पनि बच्चाको स्वास्थ्य अवस्था नाजुक हुने गर्दछ ।

विश्व स्वास्थ्य संगठनको अनुमान अनुसार विश्वमा बर्षेनी १३,००,००,००० बच्चाहरू जन्मन्छन् भने ६०,००,००० भन्दा बढी पाँच बर्ष उमेर नपुग्दै मर्दछन् जसमध्ये पनि ५०,००,००० बच्चाहरू त एक बर्ष नपुग्दै मर्दछन् ।विश्व स्वास्थ्य संगठनकै अनुमान अनुसार झण्डै बर्षेनी ३०,००,००० बच्चाहरू जन्मेको सात दिन भित्रै मर्दछन् भने २६,००,००० बच्चाहरू मृत जन्मन्छन् । यस मध्ये प्रसव अवस्थामा मर्ने एक तिहाइ बच्चालाई सजिलै बचाउन सकिने अवस्था हुन्छ ।सोहि आँकडा अनुसार ५,७०,००० पेरिनेटल मृत्यु मध्ये करिब ९० प्रतिशत मृत्यु विश्वव्यापी रूपमा कम विकसित मुलुकमा नै हुने गर्दछ ।पेरिनेटल तथा बाल मृत्यु दरको तथ्यांक हेर्ने हो भने विश्वव्यापी रूपमा पाँच बर्ष मुनीका बच्चाको मृत्युदर सन् १९९६ को १३९ प्रति हजार जीवित जन्म बाट घटेर सन् २०१४ मा ३८ पुगेको छ । साथै एक बर्ष मुनीका शिशु मृत्युदर पनि सन् १९९६ को ९३ प्रति हजार जीवित जन्म बाट घटेर सन् २०१४ मा ३३ पुगेको छ । एक महिना भित्रका नवशिशु मृत्युदर सन् १९९६ को ५८ प्रति हजार जीवित जन्म बाट घटेर सन् २०१४ मा २३ पुगेको छ । सन् २००६ को पेरिनेटल मृत्युदर ४५ प्रति हजार जीवित जन्म बाट घटेर सन् २०११ मा ३७ पुगेको छ ।

मातृमृत्युको सन्दर्भमा अधिकांश कम विकसित मुलुकहरूमा मातृमृत्यु नै प्रजनन् उमेरका महिलाहरूको मृत्युको प्रमुख अंश बनिरहेको छ । सन् २०१० को तथ्यांक अनुसार विश्वव्यापी रुपमा बर्सेनि अनुमानित २८७,००० महिलाहरू गर्भ वा गर्भसँग सम्बन्धित जटिलताहरूको कारणले मर्ने गरेका छन्, जसमध्ये ९९ प्रतिशत मृत्यु कम विकसित मुलुकका रहेका छन् ।यी प्रतिवेदनमा प्राप्त मृत्युको आँकडाले विश्वव्यापी रूपमा करिब ३० प्रतिशत सम्म कम हुने आँकलन गरेको हुन्छ । कुनै कुनै मुलुकमा त यस्तो प्रतिशत ७० प्रतिशत सम्म कम अनुमान पनि गरिएको छ । मातृमृत्युको जोखिम कम विकसित मुलुकमा हरेक सोह्र जनामा एक जना हुन्छ भने विकसित मुलुकमा हरेक ३८०० जनामा एक जना हुन्छ ।

नेपालमा सन् १९९६ को मातृमृत्यु अनुपात ५३९ प्रतिलाख जीवित जन्म रहेकोमा यो अनुपात उल्लेखनीय रूपमा घटेर सन् २०१५ मा २५८ प्रतिलाख जीवित जन्ममा पुगेको छ । यदि सही रोकथामका उपाय अबलम्बन गर्ने र

उपयुक्त हेरचाह उपलब्ध गराउने हो भने अधिकांश मात्री मृत्युलाई रोक्न सकिन्छ । सुरक्षित मातृत्व सम्बन्धी विविध प्रयासबाट मातृ, नवशिशु तथा पेरिनेटल मृत्यु घटाउनमा प्रगति उन्मुख भएता पनि अधिकांश कम विकसित मुलुकहरूमा यो संख्या घटाउन धैरै प्रयास गर्नु पर्ने आवश्यकता देखिन्छ ।

मातृस्वास्थ्यमा हुने सुधार नै मुलुकको मातृमृत्यु घटाउने अचुक उपाय हो ।यसले शिशु तथा बच्चाहरूको जीवन रक्षामा प्रगति गर्न समेत ठूलो योगदान दिएको हुन्छ । सरकारले नियमित रूपमा गरेको निशुल्क प्रसुती सेवा तथा यातायात खर्च बापतको आर्थिक सहायता लगायतका प्रोत्साहनले विगत दश बर्षको अन्तरालमा स्वास्थ्य संस्थामा प्रसुती गराउनेको संख्या उल्लेखनीय रूपले (सन् २००६ को १८ प्रतिशत बढेर सन् २०१४ मा ५५ प्रतिशत)बृध्दि भएको छ ।

तसर्थ मातृमृत्युका तथ्यांकका अतिरिक्त मातृमृत्यु घटाउनका लागि अझै राम्रोसंग के गर्न सकिन्छ भन्ने सूचना प्राप्त गर्नु अत्यन्त महत्वपूर्ण हुन्छ । बिगतमा संस्थागत र समुदायमा आधारित मातृमृत्यु समीक्षा यो सूचनाको राम्रो स्रोतको रूपमा रहेको भएता पनि यस क्षेत्रको गुणस्तरिय सूचना उत्पादन तथा संकलन आजको टड्कारो आवश्यकता हो । मातृमृत्यु निगरानी तथा प्रतिकार्य सम्बन्धी यो निर्देशिकाले स्वास्थ्य संस्थामा हुने मातृमृत्युका सम्भावित सुधार गर्न सकिने कारण पत्ता लगाई भविष्यमा सेवाको गुणस्तर सुधार गर्न सहयोग पु-याउने छ । यो प्रक्रियाले मात्र स्वास्थ्य सूचकमा उल्लेखनिय सुधार गर्न तथा सो को लागि स्वास्थ्य क्षेत्र तथा समुदायले गर्नुपर्ने आवश्यक कार्यहरूको बोध गराउन पनि मदत गर्दछ ।

१.२मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य (MPDSR)

मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य एउटा नियमित प्रक्रिया हो जसले स्वास्थ्य सूचना प्रणालीका साथै गुणस्तर सुधार गर्ने प्रक्रियालाई स्थानिय तह देखि राष्ट्रिय तह सम्म जोडेको हुन्छ । यसले मातृ तथा पेरिनेटल मृत्युका निरूपण गर्न सकिने उपायहरू र कारणहरूको नियमित पहिचान गर्ने, सूचना दिने, गणना गर्ने कार्यका साथ साथै प्राप्त सूचनाहरूको प्रयोगबाट भविष्यका सम्भावित मृत्युहरूलाई बचाउन गर्नु पर्ने कार्य जस्ता कुराहरूलाई समावेश गरेको हुन्छ । जनस्वास्थ्य सुधार गर्ने अभ्यासका लागि निगरानीलाई योजना तर्जुमा, कार्यान्वयन तथा मूल्याङ्कन गर्ने औजार को रूपमा लिइन्छ । बचाउन सकिने हरेक मातृमृत्यु घटाउनु नै मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्यको प्रमुख लक्ष्य हो ।

मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्यको प्रतिकार्य शब्दले निगरानीको कार्यान्वयन पक्षलाई जोड दिएको छ । भविष्यमा हुने सम्भावित मातृ तथा पेरिनेटल मृत्यु रोकथाम गर्न मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्यबाट प्राप्त सूचनाको आधारमा हरेक मातृ तथा पेरिनेटल मृत्युको प्रतिकार्य गर्नु अति आवश्यक हुन्छ । हरेक मातृ तथा पेरिनेटल मृत्युका सूचनाले मातृमृत्यु अनुपात र पेरिनेटल मृत्युदर मापन गर्न तथा समय सान्दर्भिक प्रवृत्ती अनुगमन गर्न राज्यलाई प्रमाण उपलब्ध गराउँदछ ।
हाल सञ्चालनमा रहेका मातृ तथा पेरिनेटल मृत्यु समीक्षा (**MPDR**) को सबलता र गुणस्तरीय सूचना प्राप्तीको अवस्थामा नै मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य (**MPDSR**) को कार्यान्वयन भरपर्ने हुन्छ ।

DRAFT

यसले हाल सञ्चालनमा रहेको मातृ तथा पेरिनेटल मृत्यु समीक्षा प्रणालीलाई प्रभावकारी बनाउनुका साथै सूचनाको गुणस्तरमा सुधार ल्याउँछ ।

चित्र १.१: मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य चक्र



१.३ लक्ष्य तथा उद्देश्यहरू

मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य (**MPDSR**) को प्रमुख उद्देश्य भनेको हरेक मातृ तथा पेरिनेटल मृत्युका आवश्यक सूचनाहरू प्राप्त गर्न तथा यी सूचनाको प्रयोग गरी रोक्न सकिने मातृ तथा पेरिनेटल मृत्युलाई निवारण गरी जनस्वास्थ्य क्रियाकलापलाई निर्देशित गर्नु तथा तीनिहरूको प्रभावलाई अनुगमन गर्नु हो ।

यसले सेवाको गुणस्तरमा बृद्दि गर्न तथा मातृ तथा पेरिनेटल मृत्युलाई घटाउन सूचनाहरू उपलब्ध गराउँछ जुन नया कार्यक्रम तयार गरि लागू गर्न प्रयोग गरिन्छन् ।

प्रमुख उद्देश्यहरूः

- स्वास्थ्य संथ्था तथा समुदायमा हुने मातृमृत्यु र स्वास्थ्य संस्थामा हुने पेरिनेटल मृत्यु घटाउन तत्काल र दीर्घकालमा गर्नु पर्ने क्रियाकलापहरूप्रभावकारी रूपमा तय गर्न आवश्यक सूचनाहरू उपलब्ध गराउने
- हरेक मातृ तथा पेरिनेटल मृत्युको गणना गरी वास्तविक आँकडा पत्ता लगाउन तथा यस्ता मृत्यु न्यूनीकरणका कार्यक्रम सन्चालन गरी सोको प्रभाव मापन गर्ने

विशेष उद्देश्यहरूः

१. निम्नानुसारका विषयमा समेत तथ्यांक प्राप्त हुने गरी मातृ तथा पेरिनेटल मृत्यु सम्बन्धी सही तथ्यांक संकलन गर्ने

क) पहिचान भएका तथा प्रतिवेदन गरिएका सबै मातृ तथा पेरिनेटल मृत्युको अवस्था

ख) मृत्युका कारण र तत्वहरू खोजी

२. निम्नानुसारका विषय समेत समेट्ने गरी तथ्यांक विश्लेषण तथा व्याख्या

क) मातृ तथा पेरिनेटल मृत्युको प्रवृत्ती र प्रकृती

ख) मृत्युका मेडिकल कारण र मृत्यु गराउन भूमिका खेल्ने विभिन्न तत्वहरू (सेवाको गुणस्तर, अन्य गैर मेडिकल कारणहरू)

ग) उपचार वा व्यवस्थापन गर्न सकिने तत्वहरूमा केन्द्रीत रही मृत्यु रोक्न सकिने अवस्था

घ) खतराजन्य तत्वहरू

ङ) जनसांखिक, सामाजिक र आर्थिक पक्षहरू

३. मातृ तथा पेरिनेटल मृत्यु न्यूनिकरणका लागि आवश्यक क्रियाकलापहहरू सम्बन्धी सुझावहरूलाई तथ्यांकको प्रयोग गरी प्रमाणमा आधारित बनाउन निम्न विषयमा प्रदान गरीने सुझावहरूः

क) सामुदायिक शिक्षा तथा सहभागिता

ख) समयमै गरिने प्रेषण सम्बन्धी

ग) सेवा प्रवाह तथा पहुँच

घ) सेवाको गुणस्तरियता

ङ) स्वास्थ्यकर्मीहरूलाई तालिमको आवश्यकता तथा प्रोटोकल सम्बन्धी

च) नीति तथा नियमहरू

छ) प्रभाव पार्न सक्ने श्रोत साधनको प्रयोग

४. नागरिक समाज, स्वास्थ्यकर्मी, निर्णयकर्ता, नीति निर्मातालाई निष्कर्ष तथा सुझावहरू वितरण गरी मातृ तथा पेरिनेटल मृत्युका सामाजिक असर र बचाउन सकिने अवस्थाका बारेमा चेतना अभिबृद्धि गर्ने

५. सुझावहरूको कार्यान्वयनको अवस्थालाई अनुगमन गरी आवश्यक क्रियाकलाप सञ्चालन भईरहेको सुनिश्चित गर्ने

६. स्वास्थ्य क्षेत्रका व्यवस्थापकहरूलाई मातृ तथा पेरिनेटल मृत्यु न्युनीकरणका लागि गरिएका कार्यको प्रभावकारिताका बारेमा जानकारी प्रदान गर्ने

७. वास्तविक आवश्यकताको पहिचान गरी श्रोत साधनहरूको समुचित परिचालन गर्ने

८. मातृ तथा नवशिशु स्वास्थ्यमा उत्तरदायित्व अभिवृद्दि गर्ने

९. मातृ मृत्यु तथा पेरिनेटल मृत्यु सम्बन्धी तथ्यांकमा सुधार गर्ने र व्यक्तिगत घटना पञ्जिकरणमा सहयोग पुर्याउने

१०. मातृ तथा पेरिनेटल मृत्यु सम्बन्धी अनुसन्धान प्रवर्ध्दन गर्ने

DRAFT

विषय शत्र

विषय शत्र		
तालिमको नाम **:मातृ तथा पेरिनाटल मृत्यु निगरानीतथा प्रतिकार्यसम्बन्धीमहिला स्वास्थ्य स्वयं सेविकाकोलागितालिम**		
मोडुल नम्बर :१		
मोडुलको नाम:१२देखि५५बर्षसम्मकामहिलाकोमृत्युसूचना		
लक्षित समूहः:महिला स्वास्थ्य स्वयं सेविका	दिन:**१/२**	समय:३ घण्टा
बिधी	शैक्षिक सामाग्री	सन्दर्भ सामाग्री
प्रस्तुतिकरण	प्रोजेक्टर, पावर पोइन्ट, ल्यापटप	१२ देखी ५५ वर्श सम्मका महिलामृत्युको सुचना फारम
समूह छलफल	पेन, नोट बुक, पेपर	मातृ तथा पेरिनाटल मृत्यु निगरानीतथा प्रतिकार्यतालिम निर्देशिका २०७२
पुर्नावलोकन	प्रिन्ट गरिएको पानाहरु	
पृष्ठ पोषण	मेटा कार्ड, मार्कर	

समय (मिनेट)	**बिषय**
१०	▪ स्वागत तथा परिचय ▪ कार्यक्रमको उद्देश्य ▪ कार्याशालाको नियम ▪ कार्यशालाको संक्षिप्त विवरण तथा पूर्वअवलोकन
३०	▪ कार्यक्रमको लक्ष्य तथा उद्देश्य ▪ मातृ मृत्यु निगरानी तथा प्रतिकार्यको औचित्य तथा मुख्य सिद्धान्तहरु ▪ मातृ मृत्यु निगरानी तथा प्रतिकार्यको चरण ▪ मातृ मृत्यु निगरानी तथा प्रतिकार्यको प्रकृया
३०	▪ फिल्म : Mrs Xकिन मरिन?
३०	▪ मुख्य शब्दावली
८०	▪ मातृमृत्यु निगरानी तथा प्रतिकार्यमामहिला स्वास्थ्य स्वयम सेविकाको भूमिका ▪ १२ देखी ५५ वर्श सम्मका महिलामृत्युको सुचना फारम ▪ अभ्यास

DRAFT

शत्र१.१

स्वागत तथा उदेश्य

१.१.१ स्वागत तथा परिचय

- सबै सहभागीहरुलाई स्नेह र सम्मान गर्दै आफ्नो तालिममा स्वागत गर्नुहोस् ।
- आफ्नो परिचय र पृष्ठभुमि छोटकरीमा दिनुहोस् र उक्त कार्यक्रममा आफ्नो के कस्तो भुमिका रहेको छ र मातृ तथा पेरिनाटलमृत्यु निगरानी तथा प्रतिकार्यमाआफ्नो कार्य अनुभवको बारेमा जानकारी दिनुहोस् ।
- सहभागीहरुलाई पनि आफ्नो परिचय (नाम, काम गरेको पोष्ट र संस्था) को बारेमा छोटो जानकारी दिन अनुरोध गर्नुहोस् ।

१.१.२ अपेक्षा

सहभागीहरुलाई स्वागत तथा परिचय गराइसकेपछि उनीहरुले उक्त कार्यक्रमबाट के कस्तो सिक्ने इच्छा तथा अपेक्षा राखेका छन् भन्ने कुरा सोध्नुहोस् र इच्छुक सहभागीहरुलाईएक एक गरी पालैपालो भन्न लगाउनुहोस् । लेखिएकाअपेक्षाहरुलाई न्युज प्रिन्टमा लेख्नुहोस् र यी अपेक्षाहरु तालिममा कसरी पूरा हुनेछ भनेर बुझाउनुहोस । त्यसपछि यस शत्रमा दिएका अपेक्षाहरु पावरपोईन्टको माध्यमबाट देखाउनुहोस र उक्त कार्यक्रम पश्चातमातृ तथा पेरिनाटल मृत्यु निगरानी तथा प्रतिकार्य सम्बन्धि निम्न जानकारी/सूचना र ज्ञानप्राप्त गर्ने छन् भन्ने कुरा प्रष्ट पार्नुहोस्ः

१. सहभागीहरुले मातृ तथा पेरिनाटलमृत्यु निगरानी तथा प्रतिकार्यको परिचय तथा औचित्य बारे बिस्तृत रुपमा जानकारी पाउने छन् ।

२. नेपालको मातृ तथा पेरिनाटलमृत्यु निगरानी तथा प्रतिकार्यको प्रणाली बारे बिस्तृत विवरण र राष्ट्रिय स्वास्थ्य प्रणालीको प्रत्येक तहमा कसरी संचालन गर्ने भन्ने जानकारी प्राप्त गर्ने छन् ।

३. सहभागीहरु राष्ट्रिय नियमावली र Toolsको निम्न लिखित कियाकलाप बारे परिचित हुनेछन् : तथाङ्क संकलन गर्ने, विश्लेषण गर्ने, कार्य योजना बनाउने, प्रतिकार्यगर्ने र प्रतिवेदन बनाउने ।

४. मातृ तथा पेरिनाटलमृत्यु निगरानी तथा प्रतिकार्यको प्रणालीको हरेक अङ्ग बारे सहभागीहरुले ज्ञान तथा सिप प्राप्त गर्नेछन् ।

५. सहभागीहरुले नवजात शिशु तथा आमाको जीवन रक्षा गर्न स्थानिय क्षमता सुदृढीकरण गर्न सक्छन्।

DRAFT

१.१.३ कार्यशालाको संक्षिप्त विवरण

यस तालिमलाई प्रस्तुतिकरण, अभ्यास र छलफल गरी तीन भागमा विभाजन गरिएको छ भनेर सुचित गराउनुहोस्।

१.१.४कार्यशालाको नियम

कार्यक्रम सुरु गर्नु अघि तल दिईएका नियमहरुस्पष्ट रूपमा बुझाउनुहोस् ।

१. **कार्यशाला अवधि**:कार्यशालाको अबधिआधा दिनको हुनेछ, जुन बिहान ....बजे देखि ......बजेसम्म संचालन हुनेछभन्ने जानकारी दिनुहोस्। तालिम तोकिएको समयमानै सुरु भएर समयमा सम्पन्न गराउनको लागि सहभागीहरुलाई समयमा उपस्थित हुन भन्नुहोस्। सहभागीहरुले हाजिरी पानामा हाजिरी गर्न छुट्नु भएको खण्डमा हाजिर गर्न लगाउनुहोस्।

२. सहभागीहरुलाई कार्यक्रमको अबधिमाकृपया मोबाइल फोनको प्रयोग नगरीदिनुहोला **भनेर** सम्झाउनुहोस् अथवा भाईब्रेट वा साइलेन्टमा राख्न अनुरोध गर्नुहोस्।

३. हरेक सहभागीहरुलाई एकअर्काप्रति आदरको भावना राख्न भन्नुहोस् ।सबै सहभागीहरुको प्रतिकृया र प्रश्नहरु उत्तिकै महत्वपूर्ण हुन्छन् भनेर बुझाउनुहोस् ।

- यो कार्यक्रम सहभागीमूलक भएको कारण सहभागीहरुलाई लागेको जिज्ञासा वा प्रस्नहरु सोध्न प्रेरित गर्नुहोस् । यो कार्यशाला एकसहभागीमूलक कार्यक्रम हो भनेर बुझाउनुहोस् ।
- सहभागीहरुलाई प्रस्नहरु सोध्न अघि हात उठाएर मात्र एक एक गरि सोध्न भन्नुहोस र पालै पालो गरी बोल्न लगाउनुहोस्।

४. प्रशासनिक वा सहयोगीDesk, सन्दर्भ सामाग्री, शौचालय र कार्यतालिकाको बारेमा थाहा दिनुहोस्।

५. सहभागीहरुलाई मूल्यांकन फारम भर्न लगाउनुहोस्। सहभागीहरुलाई यसको उद्देश्य तालिममा सुधार गर्न मदत पुर्याउनु हो भनेर स्पस्ट भन्नुहोस् ।

६.अन्तयमा,प्रशासनिक फारम भरेर सम्बन्धित व्यक्तिलाई बुझाउनुहोस् भनेर अनुरोध गर्नुहोस्।

DRAFT

१.१.५कार्यशालाको पुर्वअवोलोकन

कार्यक्रमको छोटो परिचय दिएर, तल दिईएका विवरणको विस्तृत जानकारी आगामी शत्रमा दिईनेछ भनेर जानकारी दिनुहोस ।

- मातृ तथा नवजात शिशु मृत्यु निगरानी तथा प्रतिकार्यको बारे र यसको औचित्य बारे जानकारी ।
- नेपालको मातृ तथा नवजात शिशु मृत्यु निगरानी तथा प्रतिकार्यको प्रणाली तथा यसको दृष्टि बारे विस्तृत विवरण र राष्ट्रिय स्वास्थ्य प्रणालीको प्रत्येक तहमा कसरी संचालन गर्ने भन्ने जानकारी ।
- मुख्य शब्दावली र तिनका परिभाषा ।
- विभिन्न तहमा प्रयोग गरिएका tools को विवरण ।
- केस पत्ता लगाउने तथा सुचना दिने व्यक्ति जस्तैः महिला स्वास्थ्य स्वंयम सेविकाका लागि अभिमुखिकरण कार्यक्रम दिने ।

पहिलो शत्र सम्पन्न भएको जानकारी गराउनुहोस्। सहभागीहरुलाई आफ्नो कुनै भनाइ, कुनै दुबिधा वा सुझाब राख्नको लागि अनुरोध गर्नुहोस् र कुनै कुरा प्रष्ट नभएको खन्डमा सरल र स्पस्ट रुपमा बताइदिनुहोस्। यसका लागि आफैले वा सम्बन्धित व्यक्तिको मद्दत लिएर प्रस्ट पार्नुहोस । यदि त्यहिनै प्रस्ट पार्न नसकेको खण्डमा सहभागीहरुलाई कार्यक्रमको समय अबधि भित्र स्पस्ट गराउने कुरा बुझाउनुहोस् ।

DRAFT

शत्र१. २

मातृ मृत्यु निगरानी तथा प्रतिकार्यको अवलोकन

यस विषय शत्रमा मातृमृत्यु निगरानी तथा प्रतिकार्यकोकार्यक्रमको लक्ष्य तथा उद्देश्य, औचित्य तथा मुख्य सिद्धान्तहरुकोबारेमा जानकारी दिनुहोस्। सहभागीहरुलाई मातृ मृत्यु निगरानी तथा प्रतिकार्यको चरण र यस कार्यक्रमको प्रकृयाबारे स्पष्ट रुपमा बुझाउनुहोस्।

१.२.१ लक्ष्य

हरेक मातृ तथा पेरिनेटल मृत्युलाई पहिचान गरि समिक्षा गर्दै रोक्न सकिने मातृ तथा पेरिनेटल मृत्युलाई निर्मूल गरि मातृ तथा नवजात शिशुको स्वास्थमा सुधार ल्याउने।

१.२.२ उदेश्य

- यस कार्यक्रमको उद्देश्य भनेको मातृ मृत्यु निगरानी तथा प्रतिकार्यकाबाट प्राप्त भएको सूचनाले स्वास्थ्य संस्था र समुदायबाट रोकथाम गर्न सकिने मातृ मृत्यु हटाउन प्रभावशाली रुपमा कार्य निर्देशन गर्न मद्दत गर्नु हो ।

- मातृ मृत्युको सही परिमाणको लेखाजोखा गर्ने र त्यसबाट आएको जानकारीबाट मातृ स्वास्थ्य परिणामलाई सुधार गर्ने ।

बिशेषउदेश्य

- मातृ मृत्यु सम्बन्धी सही सूचना संकलन गर्ने, जस्तैः संख्या- सबै मातृ मृत्यु पहिचान गरी रिपोर्ट गर्ने; मृत्युको कारण र त्यसको contributing कारणः सबै मातृ मृत्यु पूर्वअवलोकन गर्ने ।

- संकलन गरिएको सूचनालाई विश्लेषण गरी निष्कर्ष निकाल्ने, जस्तैः
  - मातृ मृत्यु अनुपातको समय अनुसारको अवस्था,
  - मेडिकल तथा मेडिकल बाहेकका कारणहरु ।
  - मृत्युबाट बच्नेः मृत्युबाट बच्न सकिने कारणहरु माथि ध्यान दिने ।
  - जोखिमका कारणहरु, जोखिममा रहेका समुहहरु र मातृ मृत्युको नक्शा (भरबल अटोपसी पछि समावेश गर्ने)

- Demographic र सामाजिक-राजनीतिक परिस्थिति

- यसबाट प्राप्त भएको सूचनाले मातृ मृत्यु घटाउन विभिन्न विषयमा प्रमाण स्वरुपको सुझाव दिन मद्दत पुऱ्याउन, जस्तैः सामुदायिक शिक्षा तथा सहभागिता; समयमा प्रेषण गर्ने; पहुँच बढाउने र सेवा प्रदान गर्ने सम्बन्धी ।

१.२.३ मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्यको परिचय तथा औचित्य

सहभागीहरुलाई यस कार्यक्रमको औचित्य के हो र यो कार्यक्रम किन आवश्यक पर्दछ भनेर प्रस्ट पार्दिनुहोस्।तल उल्लेख गरिएका औचित्यलाई आधार मानेर स्लाईडमा देखाएको बुदालाई व्याख्या गर्नुहोस्।

सहस्राब्दी विकास लक्ष्यको ५ औं लक्ष्य हासिल गर्नका लागि नेपालले मातृमृत्यु अनुपात सन् १९९६ को ५३९ प्रतिलाख जीवित जन्म लाई घटाएर सन् २०१५ मा १३४ प्रतिलाख जीवित जन्ममा झर्नु पर्ने थियो । तर सन् २०१५ सम्ममा नेपालको मात्री मृत्यू अनुपात २५८ प्रति लाख जीवित जन्म रहेको छ भने हाल सालै तयार गरिएको नेपाल स्वास्थ्य क्षेत्र रणनीति २०१५-२०२० मा सन् २०२० सम्ममा नेपालको मात्री मृत्यू १२५ प्रति लाख जीवित जन्ममा झार्ने उल्लेख गरिएको छ भने दिगो विकास लक्ष्य (SDG) हासिल गर्न सन् २०३० सम्म मा नेपालको मात्री मृत्यू ७० प्रति लाख जीवित जन्ममा झार्ने लक्ष्य रहेको छ । यो लक्ष्य नेपालको लागि एउटा चुनौती को रुपमा रहेको छ । तर समुदायमा हुने मातृमृत्युको संख्या क्रमश स्वास्थ्य संस्थामा स्थानान्तरण भएको सन्दर्भमा यसलाई एउटा अवसरको रूपमा प्रयोग गरी अतिरिक्त प्रयासको थालनी गर्दै मातृमृत्युका कारण पत्ता लगाउने, हटाउन सकिने कारणहरू पहिचान गर्ने, गुमाएका अवसरका बारेमा सचेत हुने, गुणस्तरीय सेवा प्रदान गर्ने तथा सबुतमा आधारित भएर गतिविधिमा सुधार गर्ने कार्यहरू मार्फत गुणस्तरीय सेवामा सुधार ल्याइ मात्री मृत्यू घाटाउन सकिने अवसर पनि हामीसंग छन् ।

मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य (**MPDSR**) ले राष्ट्रसंघीय कार्यक्रम (**Commission on Information and Accountability, CoIA)** तथा संयुक्त राष्ट्र संघको महिला र बालबालिकाको स्वास्थ्य सम्बन्धी विश्वव्यापी रणनीतिका प्रमुख विषयहरूलाई आधार मानेको छ । CoIA को एउटा प्रमुख सन्देश भनेको राम्रो नतिजाका लागि सही सूचना प्राप्त गर्नु हो । यसले संस्थाबाट प्राप्त हुने तथ्यांक, प्रशासनिक स्रोतका तथ्यांक तथा सर्वेक्षणका तथ्यांक प्रभावकारी तरिकाले समायोजन हुने गरी स्वास्थ्य प्रणालीलाई व्यवस्थित गर्न जोड दिएको छ ।

महिलाको अवस्था सम्बन्धी संयुक्त राष्ट्र संघीय आयोग (**UN Commission on the Status of Women**) ले रोकथाम गर्न सकिने मातृ मृत्यु तथा बिरामीदर न्यूनीकरण गर्न परिवार नियोजन, दक्ष प्रसुतीकर्मी, आधारभूत तथा बृहद् आकस्मिक प्रसुती सेवा (**CEOC**) मा सर्वसुलभ पहुँचलाई लक्षित गरेको छ ।

मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य (MPDSR) लाई रोकथाम गर्न सकिने मृत्यु न्यूनीकरण गर्ने कुनै पनि रणनीतिको आधारका रूपमा लिइन्छ । यसले मातृ मृत्यु तथा पेरिनेटल मृत्युका रोक्न सकिने कारक तत्वहरूका बारेमा जानकारी दिन्छ र सूचनाहरूको प्रयोग गरी अत्यावश्यक कार्यकलापहरूलाई समुदाय, औपचारिक स्वास्थ्य सेवा प्रणाली र अन्तर निकायस्तरमा सञ्चालन गर्न निर्देशित गरेको हुन्छ जुन भविष्यमा उस्तै प्रकारका मृत्युहरू रोकथाम गर्न अपरिहार्य छ ।

संस्थामा आधारित मृत्यु समीक्षा प्रणाली (MDR) संस्थामा हुने मातृमृत्यु तथा पेरिनेटल मृत्युका कारक तत्वहरू तथा अवस्थाहरूको गहन अनुसन्धान गर्ने गुणस्तरीय पद्दती हुन् भने समुदायमा आधारित मातृमृत्यु समीक्षा प्रणाली, मृत्युको व्यक्तिगत, परिवार अथवा समुदायगत कारक तत्वहरू पत्ता लगाउने विधि हो ।

मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य (**MPDSR**) भनेको मातृमृत्यु समीक्षा (**MDR**) र मातृ तथा पेरिनेटल मृत्यु समीक्षा (**MPDR**) का विस्तारित कार्यहरू हुन् जसले मातृमृत्यु तथा पेरिनेटल मृत्युसंग सम्बन्धित घटनाहरूको बोध गराउँदै त्यस्ता मृत्यु समबन्धी सूचनामा सुधार ल्याउँछ । मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्यले संस्थामा हुने र समुदायमा हुने मातृमृत्यु तथा संस्थामा हुने पेरिनेटल मृत्यु सम्बन्धी तथ्यांक संकलन गर्न जोड दिंदै यस्ता तथ्यांकबाट प्राप्त हुने सूचनाको प्रयोग गरी स्वास्थ्य सेवा प्रदान गर्ने प्रणालीका कमी कमजोरीहरूका बारेमा जानकारी प्रदान गर्दछ । यसले तथ्यांक विश्लेषणको महत्व, रेस्पोन्सका लागि उपलब्ध हुने सूचनाको प्रयोग, रेस्पोन्स गर्ने उत्तरदायित्व र मातृ तथा बाल स्वास्थ्य सुधारमा लागेका साझेदार निकायहरूलाई पृष्ठपोषण गर्न जोड दिन्छ । यसले मातृ तथा पेरिनेटल मृत्युप्रति ध्यान केन्द्रीत गराउन प्रभावकारी प्रतिकार्यका लागि समेत प्रोत्साहन गर्छ ।

१.२.४ मुख्य सिधान्त

यस कार्यक्रमको बिशेष गरी नौ वटा सिधान्त रहेको छ। एक एक गरी स्पस्ट हुने गरी व्याख्या गर्नुहोस् ।



१.कुनै पनि महिलाले बच्चा जन्माउने क्रममा आफ्नो ज्यान गुमाउनु हुदैन ।

मातृमृत्युको सन्दर्भमा अधिकांश कम विकसित मुलुकहरूमा मातृमृत्यु नै प्रजनन् उमेरका महिलाहरूको मृत्युको प्रमुख अंश बनिरहेको छ ।मातृमृत्यु हुनुको एक प्रमुख कारण रक्तश्राब हो । यदि सही रोकथामका उपाय अबलम्बन गर्ने र उपयुक्त हेरचाह उपलब्ध गराउने हो भने अधिकांश मातृ मृत्युलाई रोक्न सकिन्छ। कुनै पनि महिलाले बच्चा जन्माउने क्रममा आफ्नो ज्यान गुमाउनु हुदैन ।

२.हरेक मृत्युको गणना हुन्छ ।

हरेक मृत्युको गणना हुन्छ । मातृमृत्य एक वा बडी कारणले पनि हुनसक्छ, हरेक मृत्युलाई प्राथमिकता दिनुपर्छ र भविष्यमा हुनसक्ने सम्भावनालाई न्युनिकरण गर्ने प्रयास गर्नुपर्छ ।

३.मातृमृत्यु संख्यामा मात्र सिमित हुदैन।

मातृमृत्यु संख्यामा मात्र सिमित हुदैन, मृत्यको कारण पत्ता लगाएर भविष्यमा यस्तो हुन नदिन प्रयास गर्नुपर्छ । सहि मुल्यांकन गरि स्वास्थ्य संस्था र समुदायलाई उचित सल्लहा र सुझाव दिनुपर्छ ।

४.यो प्रक्रियाबाट आएको नतिजाको आधारमा व्यक्तिलाई कानुनी आधारमा लगिदैन ।

यो प्रक्रियाबाट आएको नतिजाको आधारमा व्यक्तिलाई कानुनी कारबाही गरिदैन । यो प्रक्रियामा कुनै पनि व्यक्तिले सजाए पाउदैन ।

DRAFT

५.यो प्रकृयामा कुनै पनि व्यक्तिलाई कामको आधारमा दोष लाग्दैन ।

यो प्रक्रियामा कुनै पनि व्यक्तिलाई दोषी बनाइदैन । यसबाट पाठ सिकेर भविष्यमा हुनसक्ने सम्भावित घटनालाई रोक्न सकिन्छ । मातृमृत्यको एक व्यक्तिको गल्तिका कारण मात्र हुने हैन, अरु कारणहरु पनि हुन सक्छन् ।

६.यो प्रक्रियामा कुनै पनि व्यक्तिको नाम खुलाईदैन ।

यो प्रक्रियामा कुनै पनि व्यक्तिको नाम खुलाईदैन । यसमा मुल्यांकन गर्दा गोपनीयता अपनाउनु पर्छ । मृतकका आफन्तलाई पनि मुल्यांकनको बारे स्पस्ट रूपमा जानकारी गराउनु पर्दछ ।

७.यो प्रकृयाबाट आएको नतिजाको आधारमा व्यक्तिले सजाय पाउँदैन ।

यसमा सहि मुल्यांकनबाट भविष्यमा हुन सक्ने सम्भावनालाई सुधार गर्न सकिन्छ तर बदलाको भावनालाई प्रोत्साहन दिईदैन । योप्रकृयाबाट आएको नतिजाको आधारमा व्यक्तिले सजाय पाउँदैन ।

८. यो प्रक्रियाले कुनै पनि मातृमृत्यको प्रमुख कारण, जस्तै: सामाजिक, शारीरिक, राजनीतिक आदि बारे बिस्तृत रूपमा जानकारी दिन्छ ।

यो प्रक्रियाले भर्बल अटोप्सी मार्फत कुनै पनि मातृमृत्यको प्रमुख कारण, जस्तै: सामाजिक, शारीरिक, राजनीतिक आदि बारे बिस्तृत रूपमा जानकारी दिन्छ ।तसर्थ, मातृ मृत्युको मुख्य कारण पत्ता लगाउन आवश्यक रहेको छ र यसको कारण पत्ता लगाएपछि भविष्यमामातृ स्वास्थ्यमा सुधार ल्याउन सकिन्छ।

९. मातृमृत्यको जोखिमबाट बचेका महिलाले आफ्नो सफलताको कथा सुनाउने छन् ।

मातृमृत्यको जोखिमबाट बचेका महिलाले आफ्नो सफलताको कथा सुनाउने छन् ।

१.२.५ मातृतथा पेरिनाटल मृत्यु निगरानी तथा प्रतिकार्यको खाका

मातृ तथा पेरिनाटल मृत्यु निगरानी तथा प्रतिकार्यको खाका

समुदाय

महिला स्वास्थ्य स्वंयम सेविकाले प्रजजनीय उमेरका मृत्यु पहिचान तथा सचेत गराउने (**मृत्यु सूचना फारम**)

स्वास्थ्य संस्थाले गर्भवती सम्बन्धी मातृ मृत्युको प्रारम्भिक जाँच गर्दछ। (प्रारम्भिक जाँच फारम)

स्वास्थ्य संस्थाले गर्भवती सम्बन्धी मातृ मृत्यु जि. स्वा. का. लाई सुचित गराउछ (फोन_

जिल्लाको भरबल अटोपसी समुहले स्वास्थ्य संस्थासंग भरबल अटोपसी गर्छ । (भरबल अटोपसी फारम)

D-MPDSR-Cअर्न्तगतको मेडिकल समुहले भरबल अटोपसी पूर्वअवलोकन
गर्छ र मृत्युको कारण थाहा पाउँदछ । (कारण पत्ता लगाउने)

जिल्लाको भरबल अटोपसी समुहल] D-MPDSR-C को लागि संक्षिप्त रिपोर्ट तयार पार्छ (संक्षिप्त रिपोर्ट)

D-MPDSR-C ले मृत्युको पूर्वअलोकन गर्ने-D-MPDSR-C पूर्वअवलोकन)

D-MPDSR-C ले प्रतिकार्यका कृयाकलापहरु पहिचान गरी प्राथमिकता गर्दछ ।

D-MPDSR-C ले कार्य योजना तयार पारी कार्यन्वयन गर्छ । (जिल्लाको कार्य योजना)

स्वास्थ्य संस्थाको ःएम्क्चऋ ले कार्य योजना तयार पारी कार्यन्वयन गर्छ । (स्वास्थ्य संस्थाको कार्ययोजना)

अस्पताल

प्रजजनीय उमेरका महिलाको (१२-५५ वर्ष)मृत्यु पहिचान तथा सचेत गराउने (**मृत्यु सूचना फारम**)

जःएम्चऋ गर्भवती सम्बन्धी मातृ मृत्युको प्रारम्भिक जाँच गर्दछ। (प्रारम्भिक जाँच फारम)

H-MPDR-C ले मातृ मृत्यु फारम भर्दछ । (मातृ मृत्यु फारम)

H-MPDR-C अर्न्तगतको मेडिकल समुहले मातृ मृत्यु फारम पूर्वअवलोकन गर्छ र मृत्युको कारणथाहा पाउँदछ . -

H-MPDR-C अर्न्तगतको मेडिकल समुहले संक्षिप्त रिपोर्ट तयार पार्छ (संक्षिप्त रिपोर्ट)

H-MPDR-C ले मृत्युको पूर्वअलोकन गन]{ (H-MPDR-C) पूर्वअवलोकन

H-MPDR-C ले प्रतिकार्यका कृयाकलापहरु पहिचान गरी प्राथमिकता गर्दछ । (प्राथमिकता)

H-MPDR-C कार्य योजना तयार पारी कार्यन्वयन गर्छ । (अस्पतालको कार्य योजना

नोटः**सम्भावित उदाहरणहरु**
भरबल अटोपसी र मातृ मृत्यु पूर्वअवलोकनः : यदि महिलाको मृत्यु धादिङको अस्पतालमा भएको छ भने ।
भरबल अटोपसी मात्रः यदि लम्जुङ जिल्लाको महिलाको मृत्यु धादिङको समुदायमा भएको छ भने ।
मातृ मृत्यु पूर्वअवलोकनःमात्रः यदि लम्जुङ जिल्लाको महिलाको मृत्यु धादिङकोअस्पतालमा भएको छ भने ।
यदि मातृ मृत्यु प्राथमिक स्वास्थ्य केन्द्र वा स्वास्थ्य चौकीमा भएको खण्डमा, अस्पतालको मातृ तथा पेरिनाटल मृत्यु पूर्वअवलोकनः समुहले पूर्वअवलोकनःगर्दछ।

समुदायमा हुने मातृमृत्यु **अस्पतालमा हुने मातृमृत्यु**



समुदाय तह

मातृ मृत्यु निगरानी तथा प्रतिकार्य समुदाय स्तरबाटै शुरु हुने भएतापनि पेरिनेटल मृत्यु को समिक्षा तथा प्रतिकार्य अस्पताल तहबाट मात्रै शुरु हुन्छ।

समुदायमा १२-५५ वर्षको कुनै पनि महिलाको मृत्यु भएमा महिला स्वास्थ्य स्वयंसेविका वा तोकिएका व्यक्तिले सो को पहिचान गरि नजिकैको स्वास्थ्य संस्थालाई २४ घण्टाभित्र सुचित गर्नु पर्दछ । सम्बन्धित स्वास्थ्य संस्थाले महिलाको मृत्यु हुँदा उनी गर्भवती थिईन वा थिईनन्, उनको मृत्यु प्रसुति हुने क्रममा भएको हो होईन र उनको मृत्यु सुत्केरी भएको ४२ दिन भित्रमा भएको हो होईन अथवा उनको मृत्यू गर्भपतन गराएको वा गर्भ

DRAFT

आफै खेर गएको ४२ दिन भित्र भएको हो होइन एकिन गर्न मातृमृत्यु पहिचान फारम भर्ने र यदि संभावित मातृ मृत्यु भएको खण्डमा जिल्ला स्थित focal personलाई सकेसम्म चाँडोखवर गर्नु पर्दछ।

सुचित गर्ने तरिका वा विधि

- फोन तथा सन्देश प्रेषण
- लिखित वा मौखिक सुचना
- ई-मेल तथा फ्याक्स

सुचना दिने व्यक्तिः

महिला स्वास्थ्य स्वयंसेविका, परिवारका सदस्य, शिक्षक, समाजसेवी, धार्मिक अगुवाहरु आदि

१.२.६मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य (MPDSR) को चरण

मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य (MPDSR)कार्यक्रममा रहेका हरेक चरणहरुको बारेमा सहभागीहरुलाई एक एक गरी बुझाउनुहोस् ।

मातृ तथा पेरिनेटल मृत्युको कारण तथा उक्त कारणहरुमा योगदान पुऱ्याउने तत्वहरुको बारेमा सही, समयानुकुल, गुणस्तरीय र प्रयोगमा ल्याउन सकिने तथ्याङ्क उपलब्ध गराउने उद्देश्यले निरन्तर गरिने निगरानी नै मातृ तथा पेरिनेटल मृत्यु निगरानीहो। निगरानीबाट प्राप्त तथ्याङ्कको आधारमा उपयुक्त एवं प्रभावकारी योजना निर्माण र कार्यान्वयन गर्नु प्रतिकार्य हो। यसको लागि समुदाय तथा स्वास्थ्य संस्थामा भएका सम्पूर्ण मातृ मृत्यु र स्वास्थ्य संस्थामा भएका सम्पूर्ण पेरिनेटल मृत्युहरुलाई पहिचान गर्ने, सम्बन्धित निकायमा सुचित गर्ने र समिक्षा गरी भविष्यमा त्यस किसिमको मातृ तथा पेरिनेटल मृत्युलाई कम गर्नको निमित्त प्रभावकारी कदम चाल्न सहयोग पुऱ्याउनु नै यसको प्रमुख लक्ष्य हो। यसका मुख्य चरणहरु निम्नानुसार रहेका छन्।



DRAFT

चरण१: मातृ तथा पेरिनेटल मृत्युकोपहिचान र सुचितीकरण

समुदायमा १२ देखि ५५ वर्षको महिलाको कुनै पनि कारणले मृत्यु भएमा सो को पहिचान गरि सुचना दिनु पर्ने व्यक्तिले सम्बन्धित निकायमा सुचित गर्नु पर्दछ र उक्त मृत्यु शंकास्पद मातृ मृत्यु हो होईन एकिन गर्नको लागि निम्नलिखित मापदण्डहरुको प्रयोग गर्नु पर्दछ।

- के उनको मृत्यु हुँदाको समयमा उनी गर्भवती थिइन्?
- के उनको मृत्यु प्रसुतिको समयमा भएको हो?
- के उनको मृत्यु सुत्केरी भएको ४२ दिन भित्र भएको हो?
- के उनको मृत्यू गर्भपतन गराएको वा गर्भ खेर गएको ४२ दिन भएको हो?

यदि यी ४ प्रश्नहरु मध्ये कुनै १ प्रश्नको उत्तर हो भन्ने आएको खण्डमा मातृ मृत्यु भएको हुन सक्छ।

स्वास्थ्य संस्थामा भएको कुनै पनि शंकास्पद मातृ तथा पेरिनेटल मृत्युलाई तत्कालै पहिचान गरि तुरुन्त (२४ घण्टा भित्र) सम्बन्धित जिल्लाको स्वास्थ्य अधिकारी र परिवार स्वास्थ्य महाशाखालाई सुचित गर्नु पर्दछ। यसै गरी घर वा वाटोमा भएका मातृमृत्युका वारेमा सम्वन्धित समुदायमा रहेका स्वास्थ्य संस्था मार्फत जिल्लाको स्वास्थ्य अधिकारी समक्ष २४ घण्टाभित्र सुचना दिनुपर्नेछ ।

चरण२: मातृ तथा पेरिनेटल मृत्यु समिक्षा

समुदायमा रहेका मातृ मृत्यु समिक्षा समितिहरुले मातृ मृत्युका संभावित चिकित्सकीय (medical) तथा अन्य (non-medical)तत्वहरुपत्ता लगाई उक्त तत्वहरुको निराकरण बारे लेखाजोखा गरी भविष्यमा मातृमृत्यु हुन नदिनको लागि आवश्यक सुझावहरु पहिचान गरी समुदायमै कार्यान्वयन गर्न सकिने सुझावहरुलाई तत्काल लागु गराउनु पर्दछ। यसै गरी अस्पतालहरुमा रहेका मातृ तथा पेरिनेटल मृत्यु समिक्षा समिति (MPDR Committee) हरुले अस्पतालमा भएका सबै मातृ तथा पेरिनेटल मृत्युहरुको तथ्यमा आधारित समिक्षा गरी जिल्ला स्थित स्वास्थ्य कार्यालयसंग सुचना आदानप्रदान र मृत्यु न्युनिकरण कार्य गर्नु पर्दछ ।

चरण३: नतिजाहरुको विष्लेषण तथा व्याख्या

मातृ मृत्युको हकमा प्रत्येक मृत्यु सँगै र पेरिनेटल मृत्युको हकमा समष्टिगत रुपमा जिल्लातहमा समीक्षा गरी प्राप्त तथ्याङ्कको विष्लेषण तथा व्याख्या सँगै प्राथमिकताको आधारमा आवश्यक कार्य अघि बढाउनु पर्दछ र आवश्यक सुझाव सहित क्षेत्र तथा केन्द्रमा प्रतिवेदन पेश गर्नु पर्दछ।

चरण४: प्रतिकार्य र अनुगमन

समिक्षा समितिले दिएको सुझाव तथा एकत्रित सुचनाको विश्लेषणबाट प्राप्त नतिजाको आधारमा उपयुक्त प्रतिकार्य (Response)कोपहिचान गरी सो को कार्यान्वयन गर्नुपर्दछ। प्रतिकार्य समस्या समाधानको लागि कुनै खास समुदाय, खास स्वास्थ्य संस्था तहमा लक्षित हुन सक्नुको साथैअन्तर क्षेत्रीय तथा बहु-क्षेत्रीय निकायको तहमा पनि हुन सक्दछ। योजना मुताबिक प्रतिकार्य कार्यान्वयन भए नभएको एकिन गर्नको निमित्त निरन्तररुपमा अनुगमन गर्नु पर्दछ।

अनुगमन तथा मुल्याङ्कन MPDSRको प्रत्येक तहमा निरन्तररुपमा चलिरहने प्रक्रिया हो। योजना अनुसारको कार्यान्वयन भएको सुनिश्चित गर्नको साथै कार्यक्रमको गुणस्तरीयता तथा सुचनाको पूर्णताको लागि पनि अनुगमन तथा मुल्याङ्कन महत्वपूर्ण हुन्छ। यसको चक्र यसप्रकार हुन्छ ।

यो प्रणाली बिभिन्न तहमा घटनाहरुको पहिचान गरी क्षमता र साधनस्रोतको आधारमा बिभिन्न सरोकारवालाहरु सँग सहकार्य गरी प्रतिकार्यगर्नुपर्ने प्रक्रियामा आधारित रहेको छ। हाल बिभिन्न अस्पतालहरुमा संचालन भईरहेकोमातृ तथा पेरिनेटल मृत्यु समिक्षा (MPDR) र समुदायमा संचालन हुने मातृ मृत्यु निगरानी तथा समिक्षा (MDSR) का पक्षहरु समेटेरसंयुक्तरुपमा जिल्ला तहमा मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्य (MPDSR) प्रणाली विकास भएको हो। संरचनागत तहलाई मध्यनजर गर्दै यो प्रणाली निम्नानुसार स्थापित गरिन्छ। मातृमृत्यु र पेरिनेटल मृत्युका प्रकृयाहरुलाई निम्नानुसार अलग्ग देखाईएको छ।

दोश्रो शत्र सम्पन्न भएको जानकारी गराउनुहोस्। सहभागीहरुलाई आफ्नो कुनै भनाइ, कुनै दुबिधा वा सुझाब राख्नको लागि अनुरोध गर्नुहोस् र कुनै कुरा प्रष्ट नभएको खन्डमा सरल र स्पस्ट रुपमा बताइदिनुहोस्। यसका लागि आफैले वा सम्बन्धित व्यक्तिको मद्दत लिएर प्रस्ट पार्नुहोस । यदि त्यहिनै प्रस्ट पार्न नसकेको खण्डमा सहभागीहरुलाई कार्यक्रमको समय अबधि भित्र स्पस्ट गराउने कुरा बुझाउनुहोस् ।

DRAFT

शत्र१.३

Mrs X किन मरिन?

यस शत्रमा Mrs X नामको एक महिलाको बारेमा आधारित एउटा सानो फिल्म देखाइन्छ जसमा एक जना दुर्भाग्य महिलाको गर्भवती देखी सुत्केरी अवस्थासम्मको जीवन यात्राको बारेमा देखाईएको छ। यस फिल्मले बिशेषगरी बिकाशोन्मुख देशहरुका गर्भवती तथा सुत्केरी महिलाहरुले भोगिरहेका खतराका लक्षणहरु र समस्याहरुको बारेमा चित्रण गरेको छ र हरेक तहबाट यस अवस्थामा उत्पन्न हुन सक्ने जटिलतालाई न्युनिकरण गरी मातृ स्वास्थ्यको प्रबर्धन गर्नु अहिलेको ठूलो आवश्यकता रहेको छ भन्ने गहकिलो सन्देश दिएको छ।

नोट: स्थाननिय श्रोत र साधन, जस्तै: बिजुली, प्रोजेक्टर मिलाउन सकेको खन्डमा महिला स्वास्थ्य स्वय सेविकाका लागि फिल्म देखाउन सकिन्छ।

तेश्रो शत्र सम्पन्न भएको जानकारी गराउनुहोस्। सहभागीहरुलाई आफ्नो कुनै भनाइ, कुनै दुबिधा वा सुझाब राख्नको लागि अनुरोध गर्नुहोस् र कुनै कुरा प्रष्ट नभएको खन्डमा सरल र स्पस्ट रुपमा बताइदिनुहोस्। यसका लागि आफैले वा सम्बन्धित व्यक्तिको मद्दत लिएर प्रस्ट पार्नुहोस । यदि त्यहिनै प्रस्ट पार्न नसकेको खण्डमा सहभागीहरुलाई कार्यक्रमको समय अबधि भित्र स्पस्ट गराउने कुरा बुझाउनुहोस् ।

DRAFT

शत्र१.४

मुख्य शब्दावली

यस शत्रमा मातृ तथा पेरिनाटल मृत्यु निगरानीतथा प्रतिकार्यमाप्रयोग गरिएको मुख्य शब्दावलिकोबारेमा वरण गर्नुहोस्।शब्दवलीहरुलाई बुझ्ने भाषामा सरल तरिकाले प्रस्ट पार्नुहोस् र कसैले नबुझेर शब्दावलिमा सोधेको प्रश्नलाई बुझाईदिनुहोस्।

चौथो शत्र सम्पन्न भएको जानकारी गराउनुहोस्। सहभागीहरुलाई आफ्नो कुनै भनाइ, कुनै दुबिधा वा सुझाब राख्नको लागि अनुरोध गर्नुहोस् र कुनै कुरा प्रष्ट नभएको खन्डमा सरल र स्पस्ट रुपमा बताइदिनुहोस्। यसका लागि आफैले वा सम्बन्धित व्यक्तिको मद्दत लिएर प्रस्ट पार्नुहोस । यदि त्यहिनै प्रस्ट पार्न नसकेको खण्डमा सहभागीहरुलाई कार्यक्रमको समय अबधि भित्र स्पस्ट गराउने कुरा बुझाउनुहोस् ।

DRAFT

शत्र१.५

मातृ तथा पेरिनेटल मृत्यु निगरानी तथा प्रतिकार्यमामहिला स्वास्थ्य स्वयम सेविकाको भूमिका

१.३.१.महिला स्वास्थ्य स्वयम सेविकाको महत्वपूर्ण भूमिका

प्रशिशकले यस कार्यक्रममा महिला स्वास्थ्य स्वयम सेविकाको महत्वपूर्ण भूमिका रहेको प्रस्ट पार्नुहोस्।

१. आफ्नो समुदयमा भएको १२ देखी ५५ बर्षका प्रजननीय उमेरका महिलाको मृत्यु पहिचान गर्ने

महिला स्वास्थ्य स्वयम सेविकाको यस कार्यक्रममा पहिलो र महत्वपूर्णप्रकृया भनेको आफ्नो कार्यक्षेत्रमा भएको प्रजननीय उमेरका महिलाहरुको मृत्युको पहिचान गर्ने हो। स्वयम सेविकालाई समुदायको बिभिन्न श्रोतहरु मार्फत सुचना प्राप्त हुन्छ, जस्तैःमृतकका परिवार, समुदयका नेताहरु, धार्मिक ब्याक्तिहरु, आमा समुह, समुदायका सदस्यहरु। स्वयम सेविकाले यी व्यक्तीहरुलाई सुचना दिनका लागि अनुरोध गर्न सकिन्छ।

२. मृत्यु भएको २४ घण्टा भित्र मृतक महिलाको घर भेट गर्ने ।

महिला स्वास्थ्य स्वय सेविकाले १२ देखी ५५ बर्षको उमेरको महिलाको मृत्यु भएको थाहा पाए पछि, २४ घण्टा भन्दा ढिला नगरि घर भेट गर्नु पर्छ।

३. सुचना फारम भर्ने ।

महिला स्वास्थ्य स्वय सेविकाले मृतक महिलाको घर पुगेपछि, उनीसँग भएको मृतक महिलाको विवरण नामक फारम भर्नुपर्दछ। विवरणमा मृतक महिलाको नाम, मृत्यु भएको मिती, मृत्यु हुँदाको उमेर, उनको बुवा वा पतिको नाम, उनको हालको बसोबास गरेको जिल्ला, गाबिस वा नगरपालिका, टोलको नाम र वडा नम्बर उल्लेख गर्नुपर्दछ।महिला स्वास्थ्य स्वय सेविकाले घरबाट बिदा लिनु अघि प्राप्तगरिएका सुचना सहि भएको र पूर्ण रुपमा भरेको सुनिश्चित गर्नुपर्दछ।

मृतक महिलाको विवरण			
१.	मृतकमहिलाकोनाम		
२.	मृत्युभएकोमिति		ग ग म म सा सा सा सा
३.	मृत्युहुँदाकोउमेर		
४.	मृतककोश्रीमानवाअभिभावकको नाम		
५.	मृतककोश्रीमानवाअभिभावकको फोन/मोवाइलनं.		
६.	मृतककोवसोवासरहेकोठेगाना	जिल्ला	
		गा.वि.स./नगर पालिका	
		वडानम्बर	
		गाउँ/टोल	

DRAFT

1. आफ्नो समुदायमा भएको १२-५५ उमेरका महिलाको मृत्यु पहिचान गर्ने
2. जानकारी भएको २४ घण्टा भित्र मृतक महिलाको घरभेट गर्ने
3. सूचना फारम पूर्ण रुपमा भर्ने
4. स्वास्थ्य चौकीमा रिपोर्ट गर्ने
5. प्रारम्भिक पहिचान र भरबल अटोपसी लिन मद्दत गर्ने
6. मातृ मृत्यु हुन नदिन कार्य योजना कार्यन्वयनमा मद्दत गर्ने

४. स्वास्थ्य संस्थामा रिपोर्ट गर्ने ।

महिला स्वास्थ्य स्वय सेविकाले मृतक महिलाको विवरण बारे भरेको फारम स्थाननिय स्वास्थ्य संस्थामा दिनुपर्छ। उक्त रिपोर्टमा, फारम भर्ने महिला स्वास्थ्य स्वय सेविकाको परिचयको विवरण पूर्ण रुपमा भर्नुपर्दछ र स्वास्थ्य कर्मीको सहिछाप लगाउनुपर्दछ। यसले स्वास्थ्य संस्थाबाट शिघ्र कार्य गर्न महत्वपूर्ण भूमिका खेल्दछ।

५. प्रारम्भिक पहिचान र भर्बल अटोप्सी गर्न सहयोग गर्ने

- महिला स्वास्थ्य स्वय सेविकाको भूमिका केबल सुचना संकलन गर्ने र स्वास्थ्य संस्थामा सुचित गराउने मात्र नभई प्रारम्भिक पहिचान र भर्बल अटोप्सी गर्न मद्दत गर्नु पनि उत्तिकै महत्वपूर्ण रहेको छ।
- महिला स्वास्थ्य स्वय सेविका समाजमा सम्मानित र जिम्मेवार ब्यक्ति भएको नाताले उनले स्वास्थ्य संस्थाका अधिकारीहरुलाई मृतक महिलाको घर भेट गरी मृत्युको कारणबारे थप जानकारी लिन मद्दत पुयाउन सक्छिन।
- उनको समाजमा भएको राम्रो सम्बन्ध र उक्त समाजको रिती रिवाज, स्थाननिय संस्कृतिबारे राम्रो ज्ञान भएको कारणले गर्दा उनले परिवारका सदस्य, नातेदार, समुदयका समुहहरु, तथा धार्मिक गुरुहरु वा मृतक महिलाको गभवती हुँदा हेरचाह गरेका कोही पनि ब्यक्तिसँग आवश्यक सुचना संकलन गरी मातृ मृत्यु समिक्षा गर्न मद्दत पुर्याउन सक्छिन।

DRAFT

६.मातृ मृत्यु रोकथाम गर्न कार्य योजना कार्यान्वयन गर्न सहयोग गर्ने।

मातृमृत्यु भएको पुष्टीभएपछि अर्को कार्य भनेको कार्य योजना बनाउनु हो। मातृ मृत्युको कारण पत्ता लगाउन र यस्तो मृत्युको कारण पत्ता लगाइ यस्ता मृत्युबाट कसरी बच्न र रोकथाम गर्नको लागि भर्बल अटोप्सी एउटा महत्वपुर्ण आधार रहेको छ।

महिला स्वास्थ्य स्वय सेविकाले अन्य मात्री मृत्यु रोक्न र यसको लागि प्रतिकार्य गर्न महिलाहरुलाई गर्भवती अवस्थामा गर्नुपर्ने आवश्यक स्वास्थ्य स्याहार, गर्भवती तथा सुत्केरी अवस्थामा आउन सक्ने जटिलता र् खतराका चिन्ह र् समयमा नै स्वास्थ्य संस्थामा जाँच गराउनु पर्दछ भन्ने सन्देश दिन सकिन्छ।

अभ्यास १

एक माध्यमिक बिधालयका शिक्षक शिव प्रसाद काफ्ले आफ्नो साथी दीपक पौडेल (जसले आफ्नी श्रीमती गुमाएका थिए) संग भेटेर घर फर्कदै गर्दा वार्ड नं.३, पर्बत जिल्ला मुडिकुवा गा.बि.स की महिला स्वयम सेविका कुमारी देवीलाई भेट्छन् । शिव प्रसादले आफ्नो साथीकि श्रीमती वर्ष २७की माया देवी पौडेल, जो त्यहि वार्डमा बस्थिन, उनको धेरै रगत बगेर मृत्यु भएको जानकारी दिए । उनले गएको महिना एक छोरालाईजन्म दिएकी थिईन । उनले कुमारीलाई यदि त्यहाँ भेट गर्न जाने हो भने दीपकको फोन नं. ९८४१६८८८८८ मा सम्पर्क गर्न भने ।

प्रश्न: यो सुचना पाएपछि कुमारीले के गर्नु पर्ला?

अभ्यास २

एक सामुदायिक स्वास्थ्य कर्ता बिनोद प्रसाद कार्की आफ्नो साथी सुरेश पाण्डे (जसले आफ्नी छोरि गुमाएका थिए) संग भेटेर घर फर्कदै गर्दा वार्ड नं.३, पर्बत जिल्ला कुश्मा न.पा कि महिला स्वयम सेविका कमला देवीलाई भेट्छन् । उनले आफ्नो साथीकि छोरि बर्ष १६ कि माया देवी पौडेल जो अर्को वार्ड नं. ७ मा बस्थिन, उनको धेरै रगत बगेर मृत्य भएको जानकारी दिए । उनले गएको महिना एक छोरालाईजन्म दिएकी थिईन । उनले कमलालाई यदि त्यहाँ भेट गर्न जाने हो भने सुरेशको फोन नं. ९८४१६८८८८८ मा सम्पर्क गर्न भने ।

प्रश्न: यो सुचना पाएपछि कमलाले के गर्नु पर्ला? के उनले फारम भर्नुपर्छ ?

१.३.२. फारम भर्ने तरिका

फारम को पहिलो खन्ड

सुरुको खाली ठाउमा जिल्लाको नाम लेख्नुपर्छ। दोश्रो खाली ठाउमा, स्वास्थ्य संस्थाको नाम (स्वास्थ्य चौकी वा प्राथमिक स्वास्थ्य केन्द्र) उल्लेख गर्नुपर्छ।

फारमको दोश्रो खन्ड

नम्बर १: दिएको खाली ठाउमा मृतक महिलाको पुरा नाम र थर लेख्नुपर्छ।

नम्बर २ : यसमा दिएको कोठामा मृत्यु भएको दिनको मिती लेख्नुपर्छ। मिती लेख्दा पहिला दिन, त्यसपछि महिना र अन्तिममा साल लेख्नुपर्छ। दिन र महिना २-२ अंकको लेख्नुपर्छ भने साल बिक्रम सम्बतमा लेखी ४ अंकको हुनुपर्छ। दिएको कोठामा लेखिएको 'ग'ले गते बुझाउछ, 'म'ले महिना बुझाउछ र 'सा' ले साल बुझाउछ।

यदी दिन र महिना १ देखी ९ सम्मको छ भने त्यसको अगाडि 'शुन्य' राख्नुपर्छ। जस्तै: 7 गते जेठ महिना २०७२ साल छ भने त्यसलाई लेख्दा : ०७ ०२ २०७२ लेख्नुपर्छ।

नम्बर ३: यसमा मृतक महिलाको उमेर लेख्नुपर्छ। उमेर लेख्दा हाल सम्मको पूरा भएको उमेर लेख्नुपर्छ। जस्तै: मृतक महिलाले ३५ बर्ष ९ महिना पूरा गरेकी भए, उनको उमेर ३५ बर्ष भएको लेख्नुपर्छ।

नम्बर ४: मृतक महिलाको पति वा बुवाको पुरा नाम, बिचको नाम र थर लेख्नुपर्छ। मृतक महिलासँगको नाता पति वा बुवा हो भनेर गोलो घेरा वा ठीक चिन्ह लगाउनुपर्छ। उदाहरणको लागि: पतिको नाम: गणेश प्रसाद छत्कुली

नम्बर ५: पति वा बुवाको घर वा मोबाईलको संपर्क नम्बर लेख्नुहोस्।

नम्बर ६ : मृतक महिलाको हालको बसोबास गरेको ठेगाना लेख्नुपर्छ। जिल्लाको नाम, नगरपालिका वा गाविस को नाममा गोलो घेरा वा ठीक चिन्ह लगाउनुपर्छ र त्यसको नाम लेख्नुपर्छ। र वडा नम्बर लेखी, गाउ वा टोल गोलो घेरा वा ठीक चिन्हले अंकित गर्दै नाम लेख्नुपर्छ।

उदाहरण: जिल्ला: धादिङ

√गाविस/नगरपालिका: चौतारा
वडा नम्बर: ४

DRAFT

तेश्रो खन्ड

नम्बर १ : नाम: महिला स्वास्थ्य स्वयम सेविकाको पूरा नाम लेख्नुपर्छ।

नम्बर २ : ठेगाना:महिला स्वास्थ्य स्वयम सेविकाको गाविस वा नगरपालिका र वडा नम्बर लेख्नुपर्छ। गाविस वा नगरपालिकामा गोलो घेरा वा ठीक चिन्ह लगाउनुपर्छ।

नम्बर ३: फारम भरेको मिती लेख्नुपर्छ। मिती लेख्दा पहिला दिन, त्यसपछि महिना र अन्तिममा साल लेख्नुपर्छ। दिन र महिना २-२ अंकको लेख्नुपर्छ भने साल बिक्रम सम्ब तमा लेखी ४ अंकको हुनुपर्छ। दिएको कोठामा लेखिएको 'ग'ले गते बुझाउछ, 'म'ले महिना बुझाउछ र 'सा' ले साल बुझाउछ।

नम्बर ४ : फारम स्वास्थ्य संस्थामा पठाएको मिती लेख्नुपर्छ। मिती लेख्दा पहिला दिन, त्यसपछि महिना र अन्तिममा साल लेख्नुपर्छ। दिन र महिना २-२ अंकको लेख्नुपर्छ भने साल बिक्रम सम्बतमा लेखी ४ अंकको हुनुपर्छ। दिएको कोठामा लेखिएको 'ग'ले गते बुझाउछ, 'म'ले महिना बुझाउछ र 'सा' ले साल बुझाउछ।

चौथो खन्ड:

स्वास्थ्य संस्थामा फारम बुझिलिएको ब्यक्तीको पूरा नाम, उनको दर्जा, स्वास्थ्य संस्थाको नाम र फारम प्राप्त गरेको मिती लेख्नुपर्छ।

फारमको नमुना:

DRAFT

नेपालसरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्यसेवाविभाग
जिल्लाजन/स्वास्थ्यकार्यालय, ..**धादिङ**.......
...**चौतारा**............... प्राथमिकस्वास्थ्यकेन्द्र/ √स्वास्थ्यचौकी

MPDSR Tool: 1

गोप्य

योसूचनामातृमृत्युकोनिगरानीरप्रतिकार्यतथासामुहिकरुपमातथ्याङ्कीयप्रयोजनकालागि

मातृमृत्युनिगरानीतथाप्रतिकार्यसम्बन्धी

१२देखि५५बर्षसम्मकामहिलाकोमृत्युसूचनाफारम

[महिलास्वास्थ्यस्वयंसेविकाहरुलेमृत्युभएकोथाहापाएको२४घण्टाभित्रसम्वन्धितस्वास्थ्यसँस्थामासूचितगर्नेप्रयोजनकालागि]

मृतक महिलाको विवरण			
१.	मृतकमहिलाकोनाम		**साबित्री छत्कुली**
२.	मृत्युभएकोमिति		१ २ १ ० २ ० ७ २
३.	मृत्युहुँदाकोउमेर		**३५**
४.	मृतककोV/श्रीमानवाअभिभावककोनाम		**गणेश छत्कुली**
५.	मृतककोश्रीमानवाअभिभावककोफोन/मोवाइलनं.		**९८४१६८८८८८**
६.	मृतककोवसोवासरहेकोठेगाना	जिल्ला	**धादिङ**
		गा.वि.स./नगरपालिका	**चैतारा**
		वडानम्बर	**४**
		गाउँ/टोल	**पिपलबोट**

योसूचनाफारमभर्नेस्वयंसेविकाको विवरण		
१.	नाम	**सम्झना यादव**
२.	ठेगाना (गा.वि.स./नगरपालिका, वडा नं.)	**चैतारा, ४**
३.	फारमभरेकोमिति (गते/महिना/साल)	2 5 1 0 2 0 7 2
४.	योफारमसम्वन्धितस्वास्थ्यसंस्थामापठाएकोमिति	2 9 1 0 2 0 7 2
योसूचनाफारमबुझिलिनेव्यक्तिको विवरण		
१.	नाम	
२.	पद	
३.	कार्यरत स्वास्थ्य सँस्थाको नाम	
४.	फारमवुझेकोमिति (गते/महिना/साल)	ग ग म म सा सा सा सा

अभ्यास

अभ्यास ३ र ४ गराउन मद्दत् गर्नुहोस्। यी अभ्यासले फारम भर्नको लागि सहज पार्ने भएकोले यसलाई राम्रोसँग बुझ्न जरुरी भएको प्रस्ट पार्नुहोस्। फारम भर्न सरल भएतापनि यसलाई ध्यान दिएर भर्न आग्रह गर्नुहोस्।

अभ्यास ३

धादिङ जिल्लाको चौतारा गाविस-४ पिपलबोटमा बस्दै आएकी सबित्री छत्कुलीको ३५ बर्षको उमेरमा निधन भयो। यस मृत्यु भएको खबर स्थाननिय स्व्यम सेविका सम्झना घिमिरेलाई दिइयो। स्व्यम सेविकाले घर भेट गर्न जादा उनले मृत्यु २०७२ साल, १२ माघमा भएको कुरा थाहा पाइन्। उनले मृतकको पतिसँग सोध्पुछ गर्दा पतिको नाम गणेश छत्कुली र उनको संपर्क फोन: ९८४१६८८८८८ भएको थाहा पाइन्।

प्रश्न: यी सुचनाको आधारमा १२ देखी ५५ बर्ष सम्मका महिलाको मृत्युको सुचना फारम भर्नुहोस्।

अभ्यास ४

एक महिला स्वयम् सेविका, वडा नं. २, लम्जुंग जिल्लाको पिपलडाढा गा.बि.स. कि सबिता थापालाई असार १० गते, २०७२ मा एक महिलाको मृत्युको जानकारी प्राप्त भयो । उनले मृतक महिलाको जानकारी लिएर मृतक महिलाको विवरण फारम भरेर बुझाइन् । उनले असार ११ गते, २०७२ मा फारम स्वास्थ्य संस्थामा बुझाइन् ।

प्रश्न: यो सूचनाको आधारमा स्वयम् सेविकाको विवरण फारममा भर्नुहोस्।

पाचौ शत्र सम्पन्न भएको जानकारी गराउनुहोस्। सहभागीहरुलाई आफ्नो कुनै भनाइ, कुनै दुबिधा वा सुझाब राख्नको लागि अनुरोध गर्नुहोस् र कुनै कुरा प्रष्ट नभएको खन्डमा सरल र स्पस्ट रुपमा बताइदिनुहोस्। यसका लागि आफैले वा सम्बन्धित व्यक्तिको मद्दत लिएर प्रस्ट पार्नुहोस । यदि त्यहिनै प्रस्ट पार्न नसकेको खण्डमा सहभागीहरुलाई कार्यक्रमको समय अबधि भित्र स्पस्ट गराउने कुरा बुझाउनुहोस् । सबै सहभागीहरुलाई यस एक दिने तालिममा आफ्नो समय दिएर सक्रिय सहभागीता गरिदिनु भएकोमा धन्यवाद दिनुहोस् ।